# ट्याम्केमैयुम गाँउपालिका
# गाँउकार्यपालिको कार्यालय
# अन्नपुर्ण, भोजपुर

## रसायनिक मल खरिद  तथा ढुवानीको लागि अधिकृत वितरक नियुक्ति सम्बन्धि  शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

प्रथम पटक सूचना प्रकाशन मितिः-२०७४/१०/०७

यस ट्यामकेमैयुम गाँउपालिकाको कृषि रासायनिक मल ढुवानी अनुदान कार्यक्रम अन्तर्गत आ व २०७४।७५ को लागि युरिया डि. ए. पि.,पोटास गरि जम्मा १२७ मे. ट. (पछि थप घट हुन सक्ने) रासायनिक मल खरिद तथा ढुवानी गरि बिक्रि वितरण गर्न सिलबन्दि दरभाउ पत्रदारा अधिकृत विक्रेता नियुक्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकाय र मु अ कर(भ्याट) मा दर्ता भै  सप्लायर्सको प्रमाण पत्र फर्महरुलाई निम्न लिखित शर्तहरुको अधिनमा रहि सिलबन्दि कागजात पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

कृषि सामाग्रि कम्पनी लिमिटेड धनकुटाबाट रसायनिक मल खरिद गरि ढुवानि तथा बिक्रि वितरण गर्नु पर्ने केन्द्रहरु कोट बजार, सेति  खोला बगर र अन्नपुर्ण बजार तोकिएको छ ।

१. रासायनिक मल ढुवानिको लागि अधिकृत वितरक नियुत्ति हुन सिलबन्दि दरभाउपत्र खरिद गर्न इच्छुक सप्लायर्सहरुले नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भै सप्लायर्सको प्रमाण पत्र प्राप्त फर्महरुले मु अ कर(भ्याट) मा समेत दर्ता भई अध्यावधिक रुपमा नविकरण भएका प्रमाणको प्रमाणित प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणित प्रतिलिपि सहित रु १० को टिकट टाँसको निवेदनका साथ दरभाउ पत्र दस्तुर रु १०००/ ( अक्षेरिपि  एक हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) यस कार्यालयमा आई रसिद काटि खरिद गर्न सकिने छ ।

२. दरभाउ पत्र सम्बन्धि कागजपत्र पेश गर्दा फारमको साथमा मु अ कर(भ्याट) मा समेत दर्ता भई अध्यावधिक रुपमा नविकरण भएका प्रमाणको प्रमाणित प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणित प्रतिलिपि कानुनले अयोग्य नभएको लिखित स्वघोषणा पत्र सहित जम्मा रकमको २.५ % रकम यस कार्यालयको धरौटि खाता नम्बर २०४०३०३००७१०३ मा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाम कम्तिमा ७५ दिन सम्मको म्याद राखि जारि गरिएको बैंङ्क ग्यारेण्टि (विडवण्ड) पेश गर्नु पर्ने छ ।

३. दरभाउ पत्र खरिद गर्न सकिने समय र स्थान मितिः २०७४ माघ ०७ गते देखी २०७४  माघ २१ गते कार्यालय समय भित्र(अन्तिम दिन सार्वजनिक बिदा पर्न गर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन सम्म ) यस गाँउपालिकाको कार्यालयमा,

४. दरभाउ पत्र दाखिला गर्ने मिति २०७४ माघ ०७ गते देखि मिति २०७४ माघ २२ गते दिनको १२ बजे भित्र ट्याम्केमैयुम गाँउपालिकाको कार्यालय भवनमा  ।

५. दरभाउ पत्र खोलिने  मिति र स्थान २०७४ माघ २२ गते  दिनको २ बजे स्थान ट्याम्केमैयुम गाँउपालिकाको कार्यालय भवनमा
६. दरभाउ पत्र मान्य हुने अवधि बोललपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ (पैतालिस) दिन ।
७. दरभाउ पत्र कार्यालयको प्रतिनिधिहरु र उपस्थित बोलपत्र दाताहरुको वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।
८. दरभाउ पत्र सम्बन्धि कागजातको दररेट महलमा अङ्क भर्दा प्रति मे टन कबोल गरेको ढुवानि दर रेट अङ्क र अक्षरमा स्पष्ट रुपमा ३ वटै खण्डको महलहरुमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिईने छ र ३ वटै खण्डको लागि एक मात्र अधिकृत नियुत्त गरिने भएकोले सबैभन्दा कम कुल कबोल अङ्क गर्ने सारभुत रुपमा प्रभावग्राहि सप्लायर्सलाई अधिकृत वितरक नियुत्ति गरिनेछ ।
९. दरभाउ पत्र पेश गरेको दर रेट भ्याट बाहेकको हुनुपर्नेछ । कुनै शर्त लेखि आएको र ३ वटै खण्ड मध्ये एक मात्त खालि छोडिएमा त्यस्तो  दरभाउ पत्र मान्य हुने छैन ।
१०. पेश भएको दरभाउ पत्र सम्बन्धि सबै कागजपत्रहरुमा दरभाउ पत्रदाता वा प्रचलित नेपाल कानुन बमोजिम अधिकार प्राप्त  प्रतिनिधिले अनिवार्यरुपमा दस्तखत गरेको र छाप लगाएको हुनुपर्नेछ ।

११. रीत नपुगेको वा म्याद नाघि आएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन । कार्यालयले प्रमाणित गरेको दरभाउ पत्र मान्य हुने छ ।
१२. अन्य नियमहरु सार्वजनिक  खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम हुनेछ ।
१३.बिबरणः

| क्र. स. | ठे.न. | कामको बिबरण | अनुमानित लागत(भ्याट बाहेक) | दरभाउपत्र मूल्य | दरभाउपत्र मान्य अबधि | दरभाउपत्र जमानत रकम तथा मान्य अबधि |
|---|---|---|---|---|---|---|
| १ | ०१/ट्याम्केमैयुम/कृषि/०७४/७५ | कृषिमल खरिद ढुवानी तथा बितरण | १०,६०,४५०/- | १,०००/- | ४५ दिन | रू.२६,५११/- २०७५/०१/०७(२०अप्रिल २०१८) |

प्रमुख प्रशासकीय अधिकृत
ट्याम्केमैयुम गाँउ कार्यपालिका, भोजपुर